# ककनी गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रानीपौवा, नुवाकोट

२०७३

बागमती प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं. ५२

मिति : ……२०७९।७।१४

**विषय : लेखा परीक्षकहरुका लागि आवेदन पेश गर्ने बारेको सूचना।**

श्री जो जस संग सम्बन्ध राख्दछ।

प्रस्तुत विषयमा विद्यालयहरुको लेखा परीक्षण गर्नका लागि प्रचलित कानुन बमोजिम दर्ता भएका लेखा परीक्षकहरु मध्येबाट कम्तीमा ३ जना लेखा परीक्षकको नाम नियुक्तिका लागि विद्यालयले गाउँकार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउनु पर्ने र गाउँकार्यपालिकाको कार्यालयले लेखा परीक्षणका लागि सिफारिस भएका मध्येबाट लेखा परीक्षक खटाउनु पर्ने प्रचलित कानुनको प्रावधान अवगत नै छ। यसै सन्दर्भमा यस गाउँपालिका अन्तरगतका विद्यालयहरुको आ.ब.०७८।०७९ को लेखा परीक्षण गर्ने गराउने प्रयोजनका लागि लेखा परीक्षकको विवरण सूचीकृत गरी विद्यालयहरुलाई उपलब्ध गराउन नेपाल चार्टर एकाउण्टेन संस्थामा रजिष्टर्ड भएका इच्छुक दर्तावाला लेखा परीक्षकहरुले निम्न अनुसारका कागजातहरु सहित २०७९।७।२८ गते अफिस समय भित्र गाउँकार्यपालिकाको कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा आवेदन पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ।

७।१४

केशव ज्ञवाली
शिक्षा अधिकृत

निम्न :

१. लेखा परीक्षणको इजाजत पत्रको प्रतिलपि र सोको नविकरण भएको निस्सा।
२. लेखा परीक्षक संस्था दर्ता गर्नेको हकमा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र नविकरण भएको निस्सा।
३. आ.ब ०७८/०७९ को करचुक्ता प्रमाणको प्रतिलिपी।
४. स्थायी लेखा/कर दर्ता भएको प्रमाणको प्रमाणित प्रतिलिपी।
५. पेशागत प्रमाणपत्रको प्रतिलिपी।

बोधार्थ :
श्री सूचना प्रविधि शाखा : गाउँपालिकाको website मा यो सूचना अपलोड गरिदिनु हुन।

इमेल : ito.kakanimun@gmail.com, वेभसाइट : www.kakanimun.gov.np

CamScanner